सिद्ध कुमाख गाउँपालिकाको खरको छाना विस्थापित कार्यन्वयन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०८/२३

प्रस्तावना-

सिद्ध कुमाख गाउँपालिका भित्र स्थायी बसोबास गर्ने र आफ्नै स्वामित्वको जग्गामा घर भएका दलित, सीमान्तकृत, विपन्न र पिछडिएका बस्तीमा खरको छाना विस्थापन गर्ने स्थानीय सरकारको नीतिबमोजिम बजेट विनियोजन भएको र स्वीकृत बजेटबमोजिम खरको छाना मुक्त सिद्ध कुमाख गाउँपालिकाको कार्यक्रम कार्यान्वियनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउनका लागि कार्यविधि बनाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत हुने गरी यो कार्यविधि बनाइएको छ ।

परिच्छेद १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ-

क. यस कार्यविधिको नाम खरको छाना विस्थापित कार्यन्वयन कार्यविधि, २०८२ रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यालय भन्नाले सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

ख. कार्यपालिका भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग. गाउँपालिका भन्नाले सिद्ध कुमाख गाउँपालिका सम्झनु पर्छ ।

घ. लक्षित वर्ग भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिबीको रेखामुनि रहेका बसोबास गर्ने घर पराल वा खरको छाना भएका घरपरिवार र प्रकोपका कारण घरबार विहीन भएका परिवार सम्झनुपर्छ ।

ङ. खरको छाना विस्थापित भन्नाले आगलागी तथा हावा पानी थेग्न सक्ने गरी निर्माण गरिएका काठ ईट्टा ढुङ्गा वा ब्लक आदिको गारो भई पराल वा खर बाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्छ ।

३. कार्यक्रम सञ्चालनको उद्देश्यः यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहायबमोजिम हुनेछः-

(क) न्यून मानव विकास सूचकाङ्क भएका सिद्ध कुमाखमा स्थायी बसोबास गर्ने, आफ्नो स्वामित्वको जग्गामा घर भएका दलित, सीमान्तकृत, विपन्न, पिछडिएका बस्तीमा खरको छाना विस्थापित गर्न सहयोग पुर्‍याउने,

(ख) न्यून मानव विकास सूचकाङ्क रहेका यस पालिकामा बसोबास गर्ने नागरिकले आर्थिक सहयोग मार्फत खरको छाना मुक्त गर्न सक्षम भई जीवनस्तरमा सुधार गर्ने,

(ग) लाभान्वित नागरिकलाई खरको छानो भएका कारणले आइपर्ने प्राकृतिक तथा मानव सिर्जित प्रकोप तथादुर्घटना आगलागी, हावाहुरी, र विद्युतीय सेवा उपयोग गर्दा उत्पन्न हुनसक्ने दुर्घटना जस्ता समस्याबाट जोगाउनका साथै वर्षाद्को मौसममा छानाबाट पानी चुहिने समस्याको समाधान गर्ने।

परिच्छेद - २
लक्षित वर्गको पहिचान र छनौटका आधार

४. लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछ ।

क. लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल खर स्याउला यस्तै प्रकृतिका आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएको ।

Scanned with CamScanner

Scanned with CamScanner

ख. गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार ।

ग. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा विजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण ।

घ. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

ङ. प्रकोपका कारण घरवारबिहीन भएको हकमा गाउँपालिका बिपद् व्यवस्थापन समितिको सिफारिस ।

च. गरिबीको रेखामुनि रहेका लाभग्राहीको सम्बन्धमा वडाको सिफारिस ।

५. लाभग्राहीको छनौटको आधार तथा विधि

क. गाउँपालिकाको समन्वयमा लाभग्राही छनौट गर्ने प्रयोजनको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल गारो आदिको आधारमा अनुसूचि- १ बमोजिम अंक प्रदान गरी प्राथमिकता क्रम सहित लाभग्राहीको सूची तयार गरी खरको छाना विस्थापित समन्वय समितिमा पेश गर्नुपर्नेछ ।

ख. लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, विपन्न परिवार, अनाथ बालबालिका तथा अपाङ्गता भएका घरमुलीलाई प्राथमिकता दिइनेछ । त्यसैगरी प्रकोपका कारण घरवारविहीन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई समेत प्राथमिकता दिईनेछ ।

ग. बढी अंक प्राप्त गर्नेलाई खरको छाना विस्थापित समन्वय समितिले क्रमैसँग लाभग्राहीको रुपमा छनौट गर्नेछ ।

घ. लाभग्राही छनौट गर्दा सगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र कार्यक्रममा सहभागि हुन पाउने गरी छनौट गर्नुपर्नेछ ।

परिच्छेद ३

कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

६. कार्यक्रम सम्झौता :

क. सिद्ध कुमाख गाउँपालिकाले ५ वटै वडामा अनुसूची-४ बमोजिमको निवेदन संकलन हुनेगरी सार्वजनिक सूचना जारी गर्नेछ ।

ख. संकलन भएका निवेदनहरुलाई परिच्छेद २ बमोजिम लाभग्राहीको रुपमा छनौट गरी प्राथमिकीकरण गर्नेछ ।

ग. छनौट भएका लाभग्राहीको प्राथमिकीकरण अनुसार योजना शाखामा अनुदान सामग्रीको लागि अनुसूचि २ बमोजिम सम्झौता गरिनेछ ।

घ. सम्झौता बमोजिम कार्यसम्पन्न भइ अनुसूचि ३ बमोजिमको प्राविधिक प्रतिवेदन र सम्वन्धित वडाको सिफारिस बमोजिम अनुदान सामग्री उपलब्ध गराइनेछ ।

ङ. दफा ६ को उपदफा ४ मा जुनसुकै व्यवस्था भएतापनि लाभग्राहि छनौट भइसकेपछि हरेक वडाको केन्द्रलाई सम्पर्क स्थल बनाइ सिद्ध कुमाख गाउँपालिकाले एकमुष्ट रुपमा खरको छाना विस्थापन गर्न आवश्यक पर्ने सामग्री खरिद गरी वितरण गर्न सक्नेछ । यसरी पालिकाले सामग्री खरिद गरी वितरण गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को अधिनमा रहि गर्नुपर्नेछ ।

७. असुल उपर गराइने-कुनै व्यक्तिले झुठा विवरण पेश गरी खरको छाना विस्थापन सामग्री लिएमा/बुझेमा सम्झौतामा उलेखित जरिवाना सहित गाउँपालिकाले असुल उपर गर्नेछ ।

८. निर्माण सम्पन्न भएको मानिने स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिम प्रतिवदन पेश भई स्थानीय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

परिच्छेद-४
कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु

९. गाउँपालिकाको काम कर्तव्य र अधिकार यो कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा गाउँपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिका खरको छाना विस्थापित समितिको बैठकको लागि आवश्यक व्यवस्था गर्ने

ख. कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आइपरेका समस्याहरु समाधान गर्ने र यस कार्यविधिमा परिमार्जन तथा संशोधन गर्नु परेमा आवश्यक तयारी गरी स्वीकृतिको लगि पेश गर्ने ।

ग. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति तर्जुमा गर्ने तथा बजेट व्यवस्थाको लागि आवश्यक समन्वय गर्ने ।

घ. कार्यक्रम अनुगमन मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने ।

१०. खरको छाना विस्थापित समन्वय समितिको काम कर्तव्य र अधिकार खरको छाना विस्थापित समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

क. लाभग्राहीहरुको गुनासोहरुको व्यवस्थापन गर्ने ।

ख. कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने ।

ग. कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने ।

घ. स्थलगत अध्ययन गरी कार्यक्रम कार्यान्वयनको प्रगति विवरण कार्यपालिकामा पेश गर्ने ।

ङ. आवश्यक बजेटको खाका तयार पारी गाउँ कार्यपालिकामा पेश गर्ने ।

च. लाभग्राहीको विवरण माग गर्न वडामा जानकारी गराउने ।

छ. कार्यक्रम कार्यान्वयनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समिति मार्फत कार्यपालिकामा पेश गर्ने र कार्यपालिकाले गरेको निर्णयलाई नै अन्तिम मानिनेछ ।

११. खरको छाना विस्थापित कार्यक्रमको समिति गठन सम्बन्धी प्रक्रिया

सिद्ध कुमाख गाउँपालिका खरको छाना विस्थापित कार्यविधि २०८२ को कार्यक्रम कार्यान्वयनको लागि सिद्ध कुमाख गाउँपालिका स्तरमा देहाय बमोजिमको एक खरको छाना विस्थापित समन्वय समिति रहनेछ

क. सिद्ध कुमाख गाउँपालिका अध्यक्ष- संयोजक

ख. सिद्ध कुमाख गाउँपालिका उपाध्यक्ष -सदस्य

ग. सिद्ध कुमाख गाउँपालिका प्र.प्र.अ. सदस्य

घ. सम्बन्धित वडाका वडा अध्यक्ष सदस्य

ङ. प्राविधिक शाखा सदस्य

च. विपद् शाखा सदस्य

छ. सिद्ध कुमाख गाउँपालिका योजना शाखा सदस्य सचिव

Scanned with CamScanner
Scanned with CamScanner

अनुसूची १

(दफा ५ लाभग्राहीहरुको छनौटका आधारहरु)

क्र.स.	विवरण	दिपने अंक	कैफियत
१	हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, वर्गफिटमा	१२० भन्दा कमलाई-१० १५० देखि ३०० सम्म-५ ३०० भन्दा बढी-०	
२	घरको गारो	बाँस, चिरपट कप्टेरो आदि वा त्यसमा पराल/स्वाउलाको टाटी-१० नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पालेको तथा काठ/फल्याक, काँचो इटामा माटोको जोनी-५ मिलेको ढुङ्गाको गारो तथा पाकेका इटामा माटो/सिमेन्टका जोर्नी-०	
३	घरको छानो	फुस, आसवेटस, पराल, स्याउला, प्लाष्टिक सीट आदि-१० खपडा, टायल- ५ ढलान, कर्कट पाता- ०	
४	जग्गाको स्वामित्व	लालपूर्जा भएको वा गाउँब्लक(स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस -५ नदी/पोखरी किनारामा बसोबास गरेको -०	
५	घरमुलीको हकमा	अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अपाङ्ग, अनाथ बालबालिका, एकल महिला दलित, लोपउन्मुख, सिमान्कृत, अल्पसख्यक जस्ता घरमूली लाभग्राही भएका-१० अन्य-०	
६	गरिबिको अवस्था	गरिबीको रेखामुनी रहि आँफैले सुरक्षित आवास निर्माण गरिरहेको-५ गरिबीको रेखामुनी नरहेको-०	

नोटः (१। ढलान र जस्तापाताले छाएको छाना भएको आवास धनी घरपरिवारलाई यस कार्यविधि अन्तर्गत लाभग्राहीको रुपमा समावेश गरिने छैन ।

(२) प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारलाई पहिलो प्राथमिकतामा राखिनेछ।

Scanned with CamScanner

Scanned with CamScanner

अनुसूची २

(दफा ६ संग सम्बन्धित)

खरको छाना विस्थापितको लागि लाभग्राहीसग गरिने अनुदान सम्झौता पत्र (छाना छाउने।

सर्वेक्षण धरधनी क्रमसंख्या	
सम्झौता क्रमाङ्क संख्या	

पराल तथा खरको छाना भएको घर, परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी लागि................ जिल्ला...................... गा.पा. वडा नं..... गाउँ/टोलको लाभग्राही श्री... यसपछि प्रथम पक्ष भनिने र सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय (यस पछि दोस्रो पक्ष भनिने) बीच देहाय बमोजिमका शर्तहरुको अधिनमा रही गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम सुरक्षित छाना निर्माण गर्न गराउन मिति...... साल...... महिना.. गतेका दिन यो अनुदान सम्झौता पत्रमा सही छाप दस्तखत गरेका छौं ।.......... बस्ने श्री.................... को नाति/नातिनी/बुहारी श्री................को छोरा/छोरी/श्रीमती वर्ष................. प्रथम पक्ष(लाभग्राही) ले मञ्जुर गरेका शर्तहरू:

१. मेरो घर पराल तथा खरको छाना रहेको ठीक साँचो हो। मैले मेरो घर पराल तथा खरको छाना रहेकोले खरको छाना विस्थापित कार्यविधि २०८२ एवं सम्झौता पत्रमा उल्लेखित शर्त अनुरुप बनाउनेछु ।

२. निर्माण सामग्रीको [illegible] गर्ने निर्माणकर्मी तथा श्रमिक जुटाउने एवं काममा लगाउने जिम्मेवारी मेरो हुनेछ ।

३. मैले प्राप्त गर्ने खरको छाना विस्थापित अनुदान सामाग्री घरको छानाका लागि मात्र खर्च गर्नेछ ।

४. मैले काठ लगायतको निर्माण सामग्री निर्माण कार्य सम्पन्न भई प्राविधिक प्रतिवेदन प्राप्त भई आएपछि मात्र कर्कटपाता, मगरा र काँटीको लागी माग गर्नेछु ।

५. सामाग्री लगेको १५ दिन भित्र छाना लगाई सक्नेछु ।

६. मेरो आफ्नो र संगोलका परिवारको सो भन्दा अन्यत्र घर नरहेको र कहि कतै घर भएको प्रमाणीत भएमा आफुले पाएको अनुदानको मुल्याङ्कन को थप २५% समेत जरिवाना तिर्न मञ्जुर रहेको छु ।

७. प्राविधिक लागत अनुदान गरेको वा निवेदनमा उल्लेख गरेको भन्दा अन्यत्र अनुदान वापत प्राप्त सामाग्री प्रयोग गरेमा थप २५% समेत जरिवाना सहित तिर्नेछु ।

८. माथि उल्लेखित व्यहोरा ठिक सांचो हो। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दोस्रो पक्ष(सिद्ध कुमाख गाउँपालिकाको कार्यालय) ले मञ्जुर गरेका शर्तहरु................प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण सामाग्री उपलब्ध गराइनेछ।

प्रथम पक्ष (लाभग्राही)
(क) लाभग्राहीको व्यक्तिगत विवरण
लाभग्राहीको नाम, थर (अंग्रेजीमा) लाभग्राहीको नाम, थर (नेपालीमा)

Scanned with CamScanner

Scanned with CamScanner

गाउँपालिका
कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

नागरिकतामा उल्लेखित ठेगाना

जिल्ला............... गा.पा.................. वडा नं.................... ना.प्र.प.नं......................

जारी जिल्ला.......................... जारी मिति.....................................

जन्म मिति.................................. सम्पर्क नं............................

स्थायी ठेगाना र नागरिकता उल्लेखित ठेगाना फरक भएमा

(बसाईसराईको विवरण उल्लेख गर्ने)

बसाई सराई प्रमाण पत्र नं..................

बसाई सराई मिति............................

लाभग्राहीको फोटो

फोटो

सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण (लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

सम्झौता पत्रमा हस्ताक्षर गर्ने अधिकार/मञ्जुरी प्राप्त व्यक्तिको विवरण (लाभग्राही उपस्थित हुन नसकेको अवस्थामा निजको प्रतिनिधि)

स्थायी ठेगाना

जिल्ला.. गा.पा...................................

वडा नं... गाउँ/टोल..................................

ना.प्र.नं....................................... जारी जिल्ला..............................

जारी मिति.................................... जन्म मिति...............................

बाजेको नाम, थर................................

बावको नाम, थर.........................

लाभग्राहीसंगको नाता.........................

सम्पर्क नं..............................

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको औंठाको छाप

दाँया	बाँया

लाभग्राही/संरक्षक/अधिकार प्राप्त व्यक्तिको हस्ताक्षर.......................

मिति:...................................

(ग) घर निर्माण हुने जग्गाको विवरण

कित्ता न...................... क्षेत्रफल..............वर्गमिटर.......................

ठेगाना: जिल्ला.......................गा.वि.स..................

Scanned with CamScanner
Scanned with CamScanner

(घ) इच्छाइएको व्यक्तिको नाम, थर................................. लाभग्राहीसंगको नाता...........................
(ङ) साक्षीको नाम, थर...................... हस्ताक्षर......................
दोस्रो पक्ष(.........................   कार्यालयको छाप गाउँ कार्यपालिकाको कार्यालय
कार्यालयको नाम, ठेगाना............................. अधिकार प्राप्त कर्मचारीको नाम............................ पद....................... हस्ताक्षर........................... मिति.................................

आवश्यक कागजातहरु-

१ लाभग्राहीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

२ जग्गाधनीको दर्ता प्रमाण पूर्जाको प्रतिलिपी ।

३ लाभग्राहीको पासपोर्ट साइजको फोटो ।

४ मालपोत तिरेको रसिदको प्रतिलिपी ।

Scanned with CamScanner

Scanned with CamScanner

अनुसूची ३

प्राविधिक प्रतिवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
सिद्ध कुमाख गाउँपालिकाको कार्यालय ।

विषयः प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।

उपरोक्त सम्बन्धमा देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पशे गरेको छ ।

लाभग्राहीको नामः

लाभग्राहीको क्रमसख्याः

लाभग्राहीको सम्झौताको क्रमसंख्या

हालको अवस्थाः सामान साइटमा उपलब्ध भएको छाना लगाउने बाहेक अन्य कार्य सम्पन्न भएको

सिफारिसः संलग्न फोटो वमोजिम कार्य भएकोले अनुदान सामाग्री उपलब्ध गराउन सिफारिस गर्दछु ।

नोटः प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग सलग्न गर्ने ।।

प्रतिवेदकको:....................

दस्तखतः................

नाम, थरः..........................

पदः............................

मितिः...................

Scanned with CamScanner

Scanned with CamScanner

अनुसुची-४

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

अनुदान सामाग्री मागका लागि स्थानीय तहमा दिने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

सिद्ध कुमाख गाउँपालिका ।

मितिः-

महोदय,

खरको छानामुक्त सिद्ध कुमाख गाउँपालिका खरको छाना विस्थापित कार्यान्वयन कार्यविधि २०८२ को दफा ५ को उपदफा(१) बमोजिम मैले जस्ताको छाना छाउने कार्यको लागि संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु । साथै मैले यस भन्दा अघि सोही कार्य लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कुनै अनुदान लिएको छैन । झुट्टा ठहरिए प्रचलित कानून बमोजिम कारवाही भएमा मेरो मंजुरी छ ।

१. नाम, थर :..................................

२. लिङ्गः (क) पुरुष (ख) महिला (ग) अन्य

३. पारिवारिक विवरणः

(अ) वर्ग/समूहः (तपाई आफूलाई कुन वर्ग/समूहमा राख रुचाउनु हुन्छ? छान्नुहोस)

आदिवासी जनजाती	दलित	वैश्य	ब्राहाण	क्षेत्री	मधेशी	अन्य

(आ) अल्पसंख्यक समुदाय : हो/ होईन

(इ) लोपोन्मुख जनजाती : हो/होईन

(ई) सीमान्तकृत वर्ग : हो/होईन (यदि हो भने, अतिसीमान्तकृत वर्ग : हो/होईन

(उ) परिवारको संख्याः जम्माः........ जना महिलाः.....जना पुरुषः ....जना

(ऊ) परिवारमा अपाङ्गता भएका सदस्यः छ/छैन (यदि छ भने उल्लेख गर्नुहोस्)

१. नाम..................... उमेर ....अशक्तताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

२. नाम.......................... उमेर.................. अशक्तताको प्रकृति पूर्ण अशक्त/अति अशक्त/मध्यम/सामान्य

(ए) निवेदक ज्येष्ठ नागरिक अपांगता भएको व्यक्ति अशक्त वा असाहय पिछडिएका महिला दलित आदिवासी जनजाति उत्पिडित वर्ग पिछडा वर्ग पिछडिएका क्षेत्र र आर्थिक रुपले विपन्न उल्लेख गर्ने।

४. स्थायी ठेगानाः प्रदेश.............. जिल्ला......... न.पा./गा.पा..... वडा नं..........

५. अस्थायी ठेगानाः प्रदेश................ जिल्ला........... न.पा./गा.पा............. वडा नं........

६. सम्पर्क विवरण (उपलब्ध भएसम्म) फोन/मोवाइल नं/इमेल........................

७. खरको छानाको घर निर्माण भएको वर्षः

क) खरको छाना विस्थापन गर्न अनुमानित आवश्यक विवरण

१)................

Scanned with CamScanner

Scanned with CamScanner

२)..............

३)..................

८. संलग्न कागजात

(क) लाभग्राहीको नागरिकताको प्रतिलिपि ।

(ख) आफ्नो नाउँको जग्गामा घर भएको लालपुर्जाको प्रतिलिपि ।

(ग) चालु आ.व. तिरो तिरेको रसिदको प्रतिलिपि ।

(घ) आफ्नो नाममा जग्गा धनिपुर्जा नभएमा एकाघरका जग्गाधनी सँगको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि (सम्बन्धित वडा कार्यालयको) ।

ङ) ऐलानी जग्गामा निर्माण भएको घरको हकमा सम्बन्धित स्थानमा बसोबास गरिएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

९. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदन दिने लाभग्राही वा घरधुरी व्यक्तिको

नामः-

हस्ताक्षरः-

मितिः-

मोबाइल नं.

आज्ञाले

दस्तखतः

नामः दिपेन्द्र कंडेल

पदः प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Scanned with CamScanner